## गौरीगङ्गा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## चौमाला, कैलाली

## प्रारम्भिक बालविकास शिक्षक (सहजकर्ता) को खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम, २०८१

नगर कार्यपालिकाबाट स्वीकृत मिति २०८१/०६/०७

**लिखित परीक्षाको पूर्णाङ्कः २००**

१. सामान्य परीक्षा पूर्णाङ्कः १००

२. विषयगत परीक्षा पूर्णाङ्कः १००

**लिखित परीक्षाको योजना**

| विषय क्षेत्र | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्रश्न संख्या | अङ्कभार | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| क) सामान्य परीक्षा | १०० | ५० | ५० | ५०×२ | वस्तुगत/बहुबैकल्पिक | १ घण्टा |
| ख) विषयगत परीक्षा | १०० | ४० | १० | १०×१० | विषयगत(ज्ञान, वोध र प्रयोग) | ३ घण्टा |

**अन्तर्वार्ता र शैक्षिक योग्यता वापतको अङ्क**

| क्र.स. | विवरण | अङ्क | कैफियत |
|---|---|---|---|
| १ | अन्तर्वार्ता | १५ | अन्तर्वार्ताको अङ्क दिदा कुनै उमेद्वारलाई ७० प्रतिशत भन्दाबढी वा ३५ प्रतिशत भन्दाकम दिनु पर्ने भए त्यस्तो अङ्क दिनुपर्ने स्पस्ट कारण खुलाउनु पर्नेछ । |
| २ | शैक्षिक योग्यता | ५ | शैक्षिक योग्यता बापत सेवा प्रवेशका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रथम श्रेणी भए ३ अङ्क, द्बितीय श्रेणी भए २ अङ्क र तृतीय श्रेणीको भएमा १ अङ्क दिने । न्यूनतम शैक्षिक योग्यताभन्दा कुनै एक तह माथिल्लो शैक्षिक योग्यताको प्रथम श्रेणीको भए २ अङ्क र द्बितीय श्रेणी भए १ अङ्क दिइने छ । |
| ३ | तालिम | ५ | बालविकास शिक्षासँग सम्बन्धित एक महिना (३० कार्य दिन) तालिमको प्रथम श्रेणी भए ५ अङ्क, द्बितीय श्रेणी भए ३ अङ्क र तृतीय श्रेणीको भएमा २ अङ्क दिने । यो बाहेक बालविकास शिक्षासँग सम्बन्धित दुई हप्तासम्म (१५ कार्य दिन) तालिम लिएकोमा २ अङ्क र एक हप्तासम्म (७ कार्य दिन) तालिम लिएकोमा १ अङ्क दिइने छ । |

**द्रष्टव्यः**

१. वस्तुगत बहुवैकल्पिक प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर वापत २०% प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा अङ्क कट्टा गरिने छैन ।

२. यस पाठ्यक्रम अन्तर्गतका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानुन (ऐन, नियम) तथा नीतिहरु परीक्षाको मितिभन्दा ३ महिना अगाडी संशोधन भएका वा संशोधन भई हटाइएका वा थप गरी कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।
३. सामान्य परीक्षा उत्तीर्ण गरेका उम्मेदवारहरुलाई मात्र विषयगत परीक्षामा सम्मिलित गराईनेछ ।
४. विषयगत परीक्षामा न्युनतम् उत्तीर्णाङ्क वा सो भन्दा बढी अङ्क ल्याउने उम्मेदवारको सामान्य परीक्षामा प्राप्त गरेको - प्राप्ताङ्कको ५० प्रतिशत अङ्क जोडेर उम्मेद्वारको रोलनम्बरको क्रमानुसार वा वर्णानुक्रमानुसार लिखित परीक्षाको नतिजा प्रकाशन गरिनेछ ।
५. यहाँ उल्लेख भएदेखि बाहेकका कुरा प्रचलित ऐन कानुन र शिक्षक सेवा आयोगको निर्देशिका बमोजिम हुनेछ । यो पाठ्यक्रम नगर कार्यापलिकाको निर्णयानुसार मिति २०८१/०६/०७ गतेदेखि गौरीगङ्गा नगरपालिका कैलालीमा लागू हुनेछ।

<u>(क) सामान्य परीक्षाको पाठ्यक्रमको क्षेत्र तथा प्रश्न र अङ्क विभाजन</u>

| क.स. | पाठ्यक्रमको क्षेत्र र विषयवस्तु | वस्तुगत बहुबैकल्पिक प्रश्न | |
|---|---|---|---|
| | | प्रश्न सङ्ख्या | अङ्कभार |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७ सम्बन्धी जानकारी | २ | ४ |
| २ | नेपालको वर्तमान संविधानमा शिक्षा र बालबालिकाको हक सम्बन्धी व्यवस्था | २ | ४ |
| ३ | पूर्वबाल्यावस्थाका बालबालिकाहरुका विकासात्मक विशेषताहरु तथा सङ्कटका सङ्केतहरू | २ | ४ |
| ४ | • बाल मनोविज्ञानमा प्रभाव पार्ने तत्त्वहरू, बालमैत्री सिकाइ र यसको प्रारम्भिक बालविकास कक्षाकोठामा प्रयोगसम्बन्धी जानकारी<br>• मन्टेश्वरी सिकाइ पद्धति र अभ्यास सम्बन्धी जानकारी | २ | ४ |
| ५ | नेपालको शैक्षिक विकासको इतिहास सम्बन्धी सामान्य जानकारी | ४ | ८ |
| ६ | गौरीगङ्गा नगरपालिका शिक्षा ऐन,२०७६,शिक्षा ऐन,२०२८ र शिक्षा नियमावली, २०५९ मा प्रारम्भिक बालविकास सम्बन्धमा भएका व्यवस्थाहरुको जानकारी | ४ | ८ |
| ७ | प्रारम्भिक बालविकास कक्षामा प्रयोग हुन सक्ने शिक्षण विधिहरुको जानकारी र प्रयोग | २ | ४ |
| ८ | प्रारम्भिक बालविकास कक्षामा प्रयोग हुन सक्ने शैक्षिक सामग्रीहरुको निर्माण, विकास प्रयोग र पुनः प्रयोग सम्बन्धी जानकारी तथा प्रयोगगर्ने तरिकाहरु | २ | ४ |
| ९ | बालविकास शिक्षक/सहजकर्तामा हुनुपर्ने गुणहरु (शैक्षिक, मनोवैज्ञानिक, सामाजिक, व्यक्तिगत, आदि) | ४ | ८ |
| १० | बालविकास कक्षाको व्यवस्थापन (सरसफाई, पढाई/सिकाइ कुना, शैक्षिक सामग्री, बसाई, सेतोपाटी, दिवा खाजा) | २ | ४ |

| | | | |
|---|---|---|---|
| ११ | बालविकासको अवधारणा, उद्देश्य, महत्व र नेपालको सन्दर्भमा यसको औचित्य | २ | ४ |
| १२ | बालविकास शिक्षक/ सहजकर्ताका काम, कर्तव्य, जिम्मेवारी तथा सेवा सुविधाहरु | २ | ४ |
| १३ | नेपालको सन्दर्भमा प्रारम्भिक बालविकास शिक्षाका सबल र दुर्बल पक्ष,अवसर र चुनौतिहरु | २ | ४ |
| १४ | प्रारम्भिक बालविकास कक्षाका बालबालिकाका अभिभावकहरुसंग सहजकर्ताको सम्बन्ध | २ | ४ |
| १५ | प्रारम्भिक बाल कक्षामा विविधता व्यवस्थापन (शारीरिक,मानसिक,सिकाइ क्षमता,बौद्धिक, आर्थिक, धार्मिक, सामाजिक सांस्कृतिक) | २ | ४ |
| १६ | प्रारम्भिक बालविकास कक्षामा व्यवहारकुशल सीप र सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोगका क्षेत्रहरु र प्रयोग | ३ | ६ |
| १७ | शैक्षणिक योजना (वार्षिक कार्यपात्रो/कार्यतालिका,वार्षिक शैक्षणिक योजना,एकाइ योजना र दैनिक पाठयोजना) निर्माण, प्रयोग र नवप्रवर्तन | ३ | ६ |
| १८ | राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, प्रारम्भिक बालविकास शिक्षा पाठ्यक्रम २०७७, शैक्षिक व्यवस्थापन सूचना प्रणाली **(EMIS)** सम्बन्धी सामान्य जानकारी | २ | ४ |
| १९ | बालअधिकार सम्बन्धीका राष्ट्रिय र नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय दस्तावेजहरुको सामान्य जानकारी | २ | ४ |
| २० | एकीकृत पाठ्यक्रमबारे सामान्य जानकारी, गौरीगङ्गा नगरपालिकाको भौगोलिक, साँस्कृतिक, सामाजिक र शैक्षिक अवस्थाको सामान्य जानकारी | ४ | ८ |
| | **जम्मा** | **५०** | **१००** |

**(ख) विषयगत परीक्षाको पाठ्यक्रमको क्षेत्र तथा प्रश्न र अङ्क विभाजन**

| क.स. | पाठ्यक्रमको क्षेत्र र विषयवस्तु | विषयगत प्रश्न | |
|---|---|---|---|
| | | प्रश्न सङ्ख्या | अङ्कभार |
| १ | प्रारम्भिक बालविकास कक्षामा प्रयोग हुन सक्ने शिक्षण विधिहरुको जानकारी र प्रयोग | १ | १० |
| २ | प्रारम्भिक बालविकास कक्षामा प्रयोग हुन सक्ने शैक्षिक सामग्रीहरुको निर्माण, विकास, प्रयोग र पुनः प्रयोग सम्बन्धी जानकारी र प्रयोग गर्ने तरिकाहरु | १ | १० |
| ३ | बालविकास शिक्षक/ सहजकर्तामा हुनुपर्ने गुणहरु (शैक्षिक, मनोवैज्ञानिक, सामाजिक, व्यक्तिगत, आदि) बालविकास कक्षाको व्यवस्थापन (सरसफाई, सिकाइ/पढाइ कुना, शैक्षिक सामग्री, बसाई, सेतोपाटी) | २ | २० |
| ४ | बालविकासको अवधारणा, उद्देश्य,महत्व र नेपालको सन्दर्भमा यसको औचित्य बालविकास शिक्षक/ सहजकर्ताका काम,कर्तव्य,जिम्मेवारी तथा सेवा सुविधाहरु | १ | १० |

| | | | |
|---|---|---|---|
| ५ | नेपालको सन्दर्भमा प्रारम्भिक बालविकास शिक्षाका सबल पक्ष,दुर्बल पक्ष,अवसर र चुनौतिहरु | १ | १० |
| ६ | प्रारम्भिक बालविकास कक्षाका बालबालिकाका अभिभावकहरूसँग सहजकर्ताको सम्बन्ध | १ | १० |
| ७ | • प्रारम्भिक बाल कक्षामा विविधता व्यवस्थापन (शारीरिक, मानसिक, सिकाइ क्षमता, बौद्धिक, आर्थिक, धार्मिक, सामाजिक सांस्कृतिक)<br>• प्रारम्भिक बालविकास कक्षामा व्यवहारकुशल सिप र सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोगका क्षेत्रहरु र प्रयोग | १ | १० |
| ८ | • राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ र बालविकास शिक्षा पाठ्यक्रम २०७७,<br>• शैक्षणिक योजना (वार्षिक कार्यपात्रो/कार्यतालिका,वार्षिक शैक्षणिक योजना,<br>• एकाइ योजना र दैनिक पाठयोजना) निर्माण, प्रयोग र नवप्रवर्तन<br>• एकीकृत पाठ्यक्रमको सामान्य जानकारी<br>• शैक्षिकव्यवस्थापन सूचना प्रणाली (EMIS) सम्बन्धी सामान्य जानकारी<br>• बालअधिकार सम्बन्धी राष्ट्रिय र नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय दस्तावेजहरुको सामान्य जानकारी | २ | २० |
| **जम्मा** | | १० | १०० |